# Ⅷ-3 कर

**जापानमा बस्ने मानिसहरु जुन सुकै देश को नागरिक भए पनि नियम आनुसार सबैले आफ्नो कर बुझाउनु पर्छ।**

## १. कर तिर्ने तरिका

(1) कम्पनी को कामदार भएमा (आयकर, प्रिफेक्चुरल कर, नगरपालिका/गाउँपालिका कर
कम्पनी काम गर्ने कामदारले बुझाउनु पर्ने कर तपाईंको तलबबाट घटाइनेछ । तपाईंसँग कम्पनी को काम बाहेक अर्को आम्दानी छैन भने तपाईले अरु कुनै कर सम्बन्धि निबेदन गर्नु पर्दैन ।

(2) कम्पनी को कामदार भएमा तर कर तलबबाट कटौती गरिएको छैन भने तपाई आफैले कर बुझाउनु पर्ने हुन्छ । साथै कर कार्यालयमा गएर प्रत्येक वर्षको आय रिपोर्ट गर्नु पर्छ । तपाइको आय आनुसार आयकर, प्रिफेक्चुरल कर, नगरपालिका/गाउँपालिका कर को रसिद तपाइको घर मा आउछ अनि तेस्को भुक्तान गर्नुहोला। कम्पनी वा कार्यालयको मालिकको हकमा व्यापारकर पनि अनिवार्य तिर्नुपर्छ ।

## २. करका प्रकार

(1) **आयकर**

कर तलबबाट कटौती गरिएको छैन भने （ 1 – (2) ）、तपाई आफैले कर बुझाउनु पर्ने हुन्छ । ट्याक्स रिटर्न भनेको तपाई को एक वर्षको आम्दानी आनुसार, तपाई ले तिर्नुपर्ने कर को हिसाब गरेर कर कार्यालय लाई सुचित गर्ने प्रक्रिया हो।
अन्तिम आयकर रिटर्न प्रत्येक वर्ष फेब्रुअरी 16 देखि मार्च 15 सम्म हुन्छ । ट्याक्स रिटर्न को लागि कर कार्यालयमा गएर निबेदन गर्नुहोस्। निबेदन फारम कर मा कार्यालयमा राखिएको हुन्छ ।
बैंकबाट पैसा लिएर घर किन्दा, प्रकोपको कारण मेडिकल खर्च धरै भएको वा ठूलो रोग लागेर धैरै पैसा तिर्नु भएको छ भने कृपया कर कार्यालयसँग परामर्श गरि कर कम गर्न पहल लागि पहल गर्नुहोस्।
संसारका विभिन्न देशहरु र जापानको आयकर सम्झौता गरिएको छ। यस बारे अधिक जानकारीको लागि कृपया कर कार्यालयमा वा आफ्नो वाणिज्य दूतावास सोध्नुहोस् । (परिशिष्ट IX-5)
※अंग्रेजीमा आयकरको विवरण
URL **https://www.nta.go.jp/english/taxes/individual/gaikoku301.htm**

(2) **प्रिफेक्चुरल कर, नगरपालिका/गाउँपालिका कर**

ओसाका प्रान्तमा बस्ने र न्यूनस्तर भन्दा माथि आय भएका नागरिक हरुले आयकर, प्रिफेक्चुरल कर, नगरपालिका/गाउँपालिका कर तिर्नुपर्ने हुन्छ। पछिल्लो वर्षको आयकर अघिल्लो वर्षको आयबाट निर्धारण गरि कर कटौतीका लागि कर कार्यालयले तपाईलाई आफ्नो निवासमा चिठी पठाउछ । त्यो रकम तिर्नुपर्ने कर हो । ।
ट्याक्स रिटर्नको निबेदन गर्नु भएको छ भने, तपाईले अरु कुनै कर सम्बन्धि निबेदन गर्नु पर्दैन ।

प्रत्येक वर्षको जनवरी 1 मा तपाइको नगरपालिका/गाउँपालिका ले कर फिक्स गर्छन। यदि तपाई कामदार हुनुहुन्छ भेने प्राय जसो काम को तलब बाट कर कटौती गरिन्छ। यदि तलब बाट काटिएको छैन भने तपाई को घरमा कर को रसिद आउछ अनि तेस्को भुक्तान गर्नुहोला।
ओसाका प्रान्तमा प्रान्तकर आयको 4 % का दरले तोकेएको छ। तेसमा 1800 येन जति थप हुन्छ। (2016-2023 मा वन संरक्षणको लागि आवश्यक स्रोतहरू वर्षमा 300 येन कर थप गरिएको थियो)। नगरपालिका/गाउँपालिका को कर भने कर लाग्ने आय को 6 % रहेको छ र एसमा 3500 यन थप हुन्छ। (कुनै कुनै नगरपालिका/गाउँपालिका भेने अपबादको रुपमा प्रान्त कर २% र नगरपालिका/गाउँपालिका 8%लाग्दछ

(3) सम्पत्ति कर

यदि तपाईंसँग रियल इस्टेट जग्गा, भवनहरू वा अवमूल्यन सम्पत्तिहरू छ भने प्रत्येक वर्ष 1 जनवरी भित्र नगरपालिकामा गएर सम्पत्ति कर तिर्नुपर्छ । रियलइस्टेट जग्गा, भवनहरू वा अवमूल्यन सम्पत्तिहरूको प्रत्येक वर्ष 1 जनवरी भित्रमा नगरपालिकामा सम्पत्तिकर नतिरेमा छुट्टै रकम जरिवाना बापत तिर्नुपर्ने नियम छ ।

(4) निजि ड्राइविंग कर, हल्का ड्राइभिंग सवारी कर

अप्रिल १ तारिखदेखि सवारीसाधन,मिनी सवारी र मोटरसाइकल धनिलाई कर भुक्तानीका लागि प्रत्येक वर्ष अप्रिल देखि मे तिर्नुपर्ने रकम सहित नगरपालिका वा गाउ पालिकाले चिठी पठाउछ । त्यो बैंक वा सुविधा स्टोरमा गई भुक्तान गर्नुहोस् ।

(5) अन्य करहरू

a) उपभोग कर

वस्तु र सेवाहरूको खरीदमा 10% कर अनिबार्य रुपमा बुझाउनु पर्छ । तर केही खाना र पेयपदार्थमा 8 % कर लागू गरिएको छ ।

b) अन्य

घर जग्गाजमिन प्राप्त गर्दा पनि कर लागू हुनेछ । त्यस बाहेक घर जग्गा सम्पत्ति जोरेमा वा प्राप्त गरेमा कर अनिबार्य तिर्नुपर्छ ।